# कोभिड १९ को परिक्षण तथा व्यबस्थापनसंग सम्बन्धित गोदावरी नगरपालिकाको सार्वजनिक सूचना

विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमण यस नगरपालिकामा समेत तिब्र रुपमा फैलिरहेको सन्दर्भमा नगरपालिका भित्र बसोबास गर्ने नागरिकहरुको लागि कोभिड १९ संग सम्बन्धित परिक्षण, जिज्ञासा र परामर्श सेवाको लागि देहाय बमोजिमको ब्यबस्थापन गरिएको व्यहोरा जानकारी गरिन्छ।

१ कोभिड १९ को परिक्षण लक्षण वा चिन्ह (सुख्खा खोकी, स्वाद तथा गन्ध हाराउने, १००.४ डिग्री फरेनहाईट भन्दा धेरै ज्वरो, श्वासप्रश्वास सम्बन्धि समस्या) देखिएमा मात्र परिक्षण गरिने छ।

२ कोभिड १९ संक्रमितको प्रत्यक्ष सम्पर्कमा आएका व्यक्तिहरुलाई लक्षण तथा चिन्ह (सुख्खा खोकी, स्वाद तथा गन्ध हाराउने, १००.४ डिग्री फरेनहाईट भन्दा धेरै ज्वरो, श्वासप्रश्वास सम्बन्धि समस्या) देखिएमा मात्र परिक्षण गरिने छ।

३ नमुना संकलन गर्ने कार्य कन्टयाक्ट ट्रेसीङ्ग टोली मार्फत सम्बन्धित वडा वा पायक पर्ने स्थानमा जानकारी दिई गरिने छ।

४ कोभिड १९ को परिक्षण सकेसम्म Antigen Test Kit मार्फत गरि तत्काल नतिजा प्रदान गरिने छ, तर कोभिड १९ संग सम्बन्धित लक्षण भएका तर Antigen Test नतिजा Negative आएकाको हकमा मात्र PCR Test गरिने छ।

५ एकपटक संक्रमित भएको व्यक्तिलाई सोहि संक्रमणको चरणमा अर्को पटक पुन परिक्षण गरिने छैन।

६ संक्रमितको प्रत्यक्ष सम्पर्कमा आएका तर कोभिड १९ को कुनै पनि लक्षण तथा चिन्ह नभएका व्यक्तिहरुले १४ दिन सम्म र PCR को लागि नमुना दिएका व्यक्तिहरुले नतिजा नआउँदा सम्म अनिवार्य होम क्वारेन्टिनमा बस्नु पर्ने छ।

७ कोभिड १९ संग सम्बन्धित परिक्षण, परामर्श सेवा तथा संक्रमित व्यक्तिहरुलाई थप समन्वय गर्ने प्रयोजनका लागि देहाय बमोजिमको टोलिलाइ परिचालन गरिएको छ।

| कार्य क्षेत्र | नाम थर | जिम्मेवारी | सम्पर्क नं. |
|---|---|---|---|
| वडा नं. ५, ६, ७, ८, ९, १०, र ११ | सुशिल कुमार श्रेष्ठ | CICI संयोजक | 9851221262 |
| | राजेन्द्र श्रेष्ठ | CICI सदस्य | 9851225296 |
| | मदन शाक्य | ल्याब स्वास्थ्यकर्मी | 9841428300 |
| वडा नं. १, २, ३, ४, १२, १३ र १४ | रेवती राज कार्की | CICI संयोजक | 9851155475 |
| | केशब कुमार खड्का | CICI सदस्य | 9841328167 |
| | बिक्रम चौधरी | ल्याब स्वास्थ्यकर्मी | 9858027004 |

८ कोभिड १९ संक्रमितलाई एम्बुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि बज्रबाराही चापागाउँ अस्पतालको एम्बुलेन्स (सम्पर्क नं. ९८४०६३३३३६) लाई तोकिएको छ।

मितिः २०७८/०१/१९

**गोदावरी नगरपालिका, ललितपुर**